STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार १२ गते शनिबार ❑ 26 June 2021  ❑ मूल्य रू. २।-

## कांग्रेसको संस्थापन इतर समूहमा सभापतिको उम्मेदवारबारे छलफल

**रासस**
**काठमाडौं, ११ असार**

नेपाली कांग्रेसको १४ औँ महाधिवेशनको मिति नजिकिँदै गर्दा भावी नेतृत्वका लागि कसरत शुरु भएको छ।

सोही क्रममा शुक्रबार कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल समूहका पदाधिकारी तथा केन्द्रीय सदस्यले आसन्न महाधिवेशनको तयारी र नेतृत्वको तयारी सम्बन्धमा छलफल गरे। भेलामा वरिष्ठ नेता पौडेल, महामन्त्री डा शशाङ्क कोइराला तथा नेता प्रकाशमान सिंह, डा रामशरण महत, अर्जुननरसिंह केसी, डा शेखर कोइराला, सुजाता कोइरालालगायत करीब २५ पदाधिकारी तथा केन्द्रीय सदस्य सहभागी रहेका थिए। संस्थापन इतर समूहका लगभग उनीहरु सबैले आफूलाई सभापतिको उम्मेदवारीमा दाबी गर्दै आएका छन्। यद्यपि सहमतिका आाधारमा एक मात्र उम्मेदवार बनाउन सकिए कतिपय नेताहरुले पछि हट्न सकिने बताएका थिए। भेलामा अधिकांश केन्द्रीय सदस्यले सो समूहबाट सभापतिमा सहमतिका आधारमा एक मात्र उम्मेदवार हुनुपर्नेमा जोड दिनुभएको केन्द्रीय सदस्य बद्री पाण्डेले जानकारी दिए। पार्टीको क्रियाशील सदस्यता छानबिन समितिले गरिरहेको कामका बारेमा भेलामा समीक्षा हुनाका साथै भावी नेतृत्वमा सहमतिको प्रयासलाई जारी राख्नुपर्नेमा जोड दिइएको थियो। कांग्रेसको यही असार ४ गते सम्पन्न केन्द्रीय कार्यसमितिले बैठकले महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौँमा गर्ने संशोधित कार्यतालिका पारित गरेको छ। सो निर्णयपछि सभापति शेरबहादुर देउवाले सभापतिमा पुनः उम्मेदवारी दिने तयारीका साथ आफू निकट पदाधिकारी र केन्द्रीय सदस्यसँग चरणबद्ध रुपमा छलफल थालेका थिए। पछिल्लो पटक सभापति देउवा निकट मानिनुभएका उपसभापति विमलेन्द्र निधिले पनि सभापतिमा उम्मेदवारी दिने तयारी थालेका छन्। संशोधित कार्यतालिकानुसार गाउँ/नगर वडा अधिवेशन आगामी साउन १२ गते, गाउँ/नगरपालिका अधिवेशन साउन १६ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन २० गते हुनेछ। यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ गते तथा प्रदेश अधिवेशन भदौ १ र २ गते निर्धारण गरिएको छ।

त्यस्तै क्रियाशील सदस्यताको नयाँ र नवीकरणको अन्तिम सूची तयार गरी केन्द्रीय सभापतिलाई बुझाउने अवधि असार २० गतेभित्र र क्रियाशील सदस्यताको सूचीमा केन्द्रीय सभापतिबाट हस्ताक्षर भई केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि असार ३० गतेभित्र तोकिएको छ।

## गण्डकीमा थप २१३ संक्रमित, ६ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असार**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप १०३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

कास्कीमा ५३ जना पुरुष तथा ५० जना महिला गरी १०३ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ। पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार १०७ जनाको नमुना परीक्षण गरिएकोमा गण्डकी प्रदेशमा थप २१३ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ। कास्कीका १०३ सहित म्याग्दीका १३ जना, पर्वतका २० जना, गोरखाका ६ जना, तनहुँका ५ जना, बाग्लुङका २५ जना स्याङ्जाका ४ जना र नवलपुरका ३७ जना गरी प्रदेशका ८ जिल्लामा ११५ पुरुष तथा ९८ जना महिलामा कोरोना पुष्टि भएको हो। योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ५३ हजार ९२१ पुगेको छ। पछिल्लो २४ घण्टामा ३४७ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ५० हजार २५८ पुगेको छ। गण्डकीमा थप ६ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ। हालसम्म कोरोना संक्रमणका कारण प्रदेशभर ज्यान गुमाउनेको संख्या ९२० पुगेको छ। पोखराका अस्पतालहरुमा उपचाररत ३ जना, नवलपुरमा अस्पताल लैजाँदै गर्दा १ जना र चितवनका अस्पतालमा उपचारको क्रममा २ जनासहित गण्डकी प्रदेशका थप ६ जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ।

## स्वास्थ्य मापदण्ड पूरा गरी यातायात चलाउन प्रशासन सकारात्मक

**रासस**
**काठमाडौं, ११ असार**

स्वास्थ्य मापदण्ड पूरा गरेर सार्वजनिक यातायात सञ्चालन गर्न प्रशासन सकारात्मक रहेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले जनाएको छ।

व्यवसायी र अधिकारीहरूबीच बिहीबार जिल्ला प्रशासन कार्यालय काठमाडौँमा सार्वजनिक यातायात सञ्चालन गर्ने विषयमा छलफल भएको थियो। करिब दुई महिनाअघिदेखि सार्वजनिक यातायात थन्किँदा मजदुर, सवारी धनी मर्कामा परेको महासङ्घका अध्यक्ष योगेन्द्रनाथ कर्माचार्य बताए। काठमाडौँका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीलगायत अधिकारी स्वास्थ्य मापदण्ड पूरा गरेर सार्वजनिक यातायात सञ्चालन गर्ने विषयमा सकारात्मक पाएको उनले जानकारी दिए।

कोरोनाको जोखिम कायमै रहेकाले सावधानीपूर्वक यातायात चलाउने विषयमा छलफल भएको थियो। जोरबिजोर गरेर सवारी चलाउँदा यात्रु कोचाकोच गरेर राख्नुपर्ने अवस्था आउने भएकाले सबै सवारी चलाउनुपर्ने व्यवसायीको माग छ। स्वास्थ्य मापदण्ड पूरा गरे नगरेको अनुगमनको व्यवस्था गर्नुपर्ने विषय पनि छलफमा उठेको थियो। काठमाडौँ उपत्यकामा मात्र नभई उपत्यकाबाट बाहिर जाने सवारी पनि खुला गर्न व्यवसायीले माग गरेका छन्। सार्वजनिक यातायात चलाएपछि सबै क्षेत्र चलायमान हुने भएकाले सावधानीपूर्वक चलाउने व्यवस्था मिलाउनुपर्ने यातायात व्यवसायीको माग छ।

प्रमुख जिल्ला अधिकारी पराजुलीले गृहसचिव र मुख्यसचिवसँग सल्लाह गरेर १३ गतेसम्म निर्णय गर्ने प्रतिबद्धता जनाउनुभएको छ। महासङ्घले सार्वजनिक यातायातका चालक, सहचालकलाई अनिवार्यरूपमा खोप लगाउने व्यवस्था गर्न पनि माग गरेको छ।

## रोकिएको जनगणना पुनः शुरु हुँदै

**रासस**
**काठमाडौं, ११ असार**

कोराना सङ्क्रमण बढ्दै गएपछि रोकिएको 'राष्ट्रिय जनगणना २०७८' का गतिविधि पुनःशुरु गर्ने सम्बन्धमा निर्णय गर्न राष्ट्रिय जनगणना निर्देशक समितिको बैठक आगामी आइतबार बस्ने भएको छ।

गत वैशाख १९ गतेको मन्त्रिपरिषद् बैठकले बढ्दो कारोना सङ्क्रमणका कारण असहज परिस्थिती निर्माण भएको भन्दै जनगणनाका सम्पूर्ण गतिविधि स्थगन गर्ने निर्णय गरेको थियो। पछिल्ला दिनमा कोरोना सङ्क्रमणदर केही नियन्त्रणमा आएसँगै जनगणनाका बाँकी कामलाई निरन्तरता दिने उद्देश्यले तथ्याङ्क विभागले जनगणना निर्देशक समितिको बैठक बोलाएको हो। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष अध्यक्ष रहने तथा विभिन्न मन्त्रालयका सचिव तथा विश्वविद्यालयका जनसङ्ख्या र तथ्याङ्क विभागका प्रमुख सदस्य रहनेगरी निर्देशक समिति गठन गरीएको छ।

केन्द्रीय तथ्याङ्क विभागका उपमहानिर्देशक हेमराज रेग्मीले साउनको अन्तिम सातादेखि तथ्याङ्क लिन कार्यक्षेत्रमा पठाउनेगरी प्रस्ताव निर्देशक समितिको बैठकमा लैजान लागिएको जानकारी दिए। आगामी साउन अन्तिम सातादेखि शुरु गरी असोजको पहिलो सातामा सक्ने गरी कार्यातालिका बनाइएको उनको भनाइ छ। निर्देशक समितिले प्रस्ताव स्वीकृत गरेमा सो प्रस्ताव स्वीकृतिका लागि मन्त्रिपरिषद्मा जानेछ। रेग्मीले भने, "पहिला असार ८ गतेभित्र जनगणना लिने कार्य सक्नेगरी कार्ययोजना बनाएका थियौँ। अब हाम्रो प्रस्ताव असोजको पहिलो हप्ताभित्र सक्ने भन्ने छ। जुन दिन तथ्याङ्क लिएर सक्छौँ, त्यही दिनको नेपालको जनगणना भनेर निकाल्छौँ।" कार्यलय स्थापनाको काम सम्पन्न गरी सामग्री व्यवस्थापनअन्तर्गत प्रश्नावली, निर्देशिका, कापी, कलम, तालिम सामग्रीहरू जिल्ला र प्रदेशका कार्यालयमा पठाइसकिएको विभागले जनाएको छ। करिब ९ हजार सुपरीवेक्षकको छनोट गरीसकिएको छ। उनीहरूमध्ये केहीले ६ दिने तालिम लिईसकेका छन् भने केहीले आधा तालिमकै क्रममा निशेधाज्ञाका कारण तालिम पूरा गर्न पाएका छैनन्। उनीहरूलाई नै फेरि १/२ दिनको पुनर्ताजगी तालिम दिने र कार्यक्षेत्रमा खटाउने विभागको तयारी छ। यस्तै ४० हजार गणकको छनोट र नियुक्ति प्रक्रिया पनि अन्तिम चरणमा रहेको छ। केन्द्रीय तथ्याङ्क विभागले हरेक दश वर्षमा गर्ने राष्ट्रिय जनगणना विसं १९६८ देखि सञ्चालन गर्दै आएको छ। यसको बाह्रौँ श्रृङ्खला अहिले सञ्चालन हुँदैछ।

कोभिड सङ्क्रमणको जोखिमलाई ध्यानमा राख्दै विभागले जनगणनामा खटिएर घरघरमा आउने सबै गणक तथा सुपरीवेक्षकहरूलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कोभिड सङ्क्रमणको जोखिम न्यून गर्ने मापदण्ड अनिवार्य पालना गर्नुपर्ने व्यवस्था मिलाएको छ। सुपरीवेक्षक तथा गणकहरूले मास्क तथा फेससिल्ड लगाउने तथा सेनिटाइजरको प्रयोग र भौतिक दूरी कायम गरी अन्तर्वार्ता सञ्चालन गर्नेगरी आवश्यक तालिम र व्यवस्था मिलाईएको विभागका उपमहानिर्देशक रेग्मीले जानकारी दिए। देशभर अक्सर बसोबास गर्ने सम्पूर्ण व्यक्तिको निश्चित समय अवधिभित्र गणना गरी व्यक्तिगत तथा पारिवारिक विवरणसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने र सङ्कलन भएको तथ्याङ्क प्रशोधन, प्रकाशन एवं वितरण गर्ने समष्टिगत

बाँकी अन्तिम पृष्ठमा ▶▶

## थप २,४७६ जनामा कोरोना पुष्टि, २७ को मृत्यु

**रासस**
**काठमाडौं, ११ असार**

नेपालमा पछिल्लो २४ घण्टामा थप दुई हजार ४७६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार देशभरका विभिन्न प्रयोगशालामा १४ हजार ३५१ जनाको पिसिआर र एन्टिजेन परीक्षण गर्दा उक्त सङ्ख्यामा कोरोना सङ्क्रमण पुष्टि भएको हो।

मन्त्रालयका अनुसार नौ हजार ५८६ जनाको पिसिआर परीक्षण गर्दा एक हजार ७२१ र चार हजार ७६५ जनाको एन्टिजेन परीक्षण गर्दा ७५५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो। त्यस्तै पछिल्लो २४ घण्टामा देशभर २७ जना सङ्क्रमितको मृत्यु भएको छ। हालसम्म आठ हजार ९४५ जना सङ्क्रमितको मृत्यु भइसकेको छ। त्यसैगरी पछिल्लो २४ घण्टामा देशभर पाँच हजार ४५५ जना सङ्क्रमित निको भएका छन्। नेपालमा कोरोना सङ्क्रमित निको हुने दर ९१ दशमलब ३ प्रतिशत रहेको छ।

नेपालमा हालसम्म पाँच लाख ७६ हजार ४१३ जना सङ्क्रमित निको भइसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

## फेवातालको वरिपरि पदमार्ग निर्माणका लागि डेढ करोड बजेट

**–जमुनावर्षा शर्मा**
**पोखरा, ११ असार (रासस)**

पर्यटन प्रवर्द्धनलाई विशेष प्राथमिकता दिँदै पोखरा महानगरले आगामी आर्थिक वर्षका लागि रु छ अर्ब २७ करोड ७५ लाखको बजेट सार्वजनिक गरेको छ। विनियोजित बजेटमध्ये चालुतर्फ रु छ अर्ब ९१ करोड अर्थात् ४६.४ प्रतिशत छुट्याइएको हो। पूँजीगततर्फ रु तीन अर्ब ३७ लाख अर्थात् ५३.६ प्रतिशत विनियोजन गरिएको छ। चालु आवका लागि रु पाँच अर्ब ७२ करोडको बजेट ल्याइएको थियो।



नवौँसभामा महानगर उपप्रमुख मञ्जुदेवी गुरुङले प्रस्तुत गर्नुभएको बजेटले पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको छ। पोखराको प्रमुख पर्यटकीय क्षेत्र फेवातालको वरिपरि पदमार्ग निर्माण गर्न रु एक करोड ५० लाख विनियोजन प्रस्ताव गरिएको छ। त्यसैगरी होमस्टेहरूको क्षमता विकास गर्ने, पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रका सङ्घ संस्थाहरूसँग हातेमालो गर्ने, पर्यटन प्रवर्द्धनको लागि फेस्टिबल, महोत्सव, तथा विशेष कार्यक्रम आयोजना गरिने कार्यक्रमलाई पनि समावेश गरिएको छ।

प्रस्तुत बजेटमा आगामी आर्थिक वर्षमा पोखराको 'पर्यटन गुरुयोजना' तर्जुमा गरिने र पर्यटन विकासलाई थप प्राथमिकता दिन महानगरपालिकामा पर्यटन शाखा स्थापना गरिने उल्लेख छ। पर्यटन वसपार्क तथा अन्तर ाष्ट्रिय विमानस्थलमा पर्यटन सूचना केन्द्र स्थापना लागि पनि रु २० लाख विनियोजन गरिएको छ। त्यस्तै, पोखराको पर्यटनमा कोशेढुङ्गा सावित हुने विश्वास लिइएको पोखरा क्षेत्रका सात ताल जोड्ने गरी खाका तयार भएको साइकल रुटको प्रवर्द्धन तथा विकासको लागि ५० लाख बजेट विनियोजन गरिएको छ। पोखरा २८ ठूलाकोटमा 'अस्टोनोमी पार्क' निर्माण गर्न प्रदेश सरकारसँग साझेदारी गरिने र पोखरा ६ मा रहेको वसुन्धरा र कोमागाने पार्कमा थप पूर्वाधार निर्माण गर्न १ करोड बजेट विनियोजन प्रस्ताव गरीएको छ। पोखराको भगिनीसम्बन्ध स्थापना भएका नगरहरूको सम्मेलन आयोजना गर्न नेपालका नियोगमार्फत् पहल गरिने जनाइएको छ। कोभिडको अवस्था मूल्याङ्कन गरी उक्त कार्यक्रम तर्जुमा गरिने र उक्त कार्यक्रम पोखराको पर्यटन प्रवर्द्धनमा सार्थकसिद्ध हुने विश्वास गरिएको छ। त्यस्तै पोखरा टावर निजी क्षेत्रको समेत लगानीमा निर्माण गर्नेगरी संभाव्यता अध्ययन गरिने उल्लेख छ। उक्त कार्यक्रमको लागि रु १० लाख विनियोजन गरिएको छ भने पोखरा वडा नम्बर ४ को उपयुक्त स्थानमा 'कोसेली घर' निर्माणलाई पनि समावेश गरिएको छ। पर्यटनसँग जोडिएका पूर्वाधारहरू निर्माणमा निजी लगानी प्रोत्साहन गर्ने तथा कम लागतका पर्यटकीय पूर्वाधार तत्कालै निर्माण गर्नेजस्ता कार्यक्रमहरू सञ्चालन गरी समग्र पर्यटन क्षेत्रको विकास गरिने बजेटमा उल्लेख छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# क्रिकेटका उदयमान खेलाडी विपिन खत्री

पोखरापत्र संवाददाता
पोखरा, ११ असार

क्रिकेट मैदानमा जमिरहेका उदीयमान खेलाडीको नाम हो, विपिनखत्री । लेफ्टआर्म स्पीनर तथा राइट ह्याण्ड ब्याट्स म्यान पोखरेली विपिन १० वर्षदेखि क्रिकेट खेलिरहेका छन् ।



विगतमा यु-१९ विश्वकप क्रिकेट टोलीको बन्दसत्रमा समेत छनोटपछि उनले पछाडि फर्केर हेर्नु परेन। २३ वर्षीय खत्रीलाई अहिले गण्डकी प्रदेशको पुरुष सिनियर टोलीको कप्तानीको जिम्मेवारी समेत छ। ३ वर्षअघि धनगढीमा सम्पन्न मुख्यमन्त्री क्रिकेट कपमा उनी उत्कृष्ट बलर घोषित हुँदा सन् २०१६ मा काठमाडौंमा सम्पन्न प्रथम प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा उदियमान खेलाडीको उपाधि पनि उनकै पोल्टामा परेको थियो।

बढीजसो पोखरा रंगशाला भेटिने उनी प्रधानमन्त्री कपको चारै वटा संस्करण खेलिसकेका छन् भने इपिएल, डिपीएल र पिपिएलमा २/२ पटक सहभागिता जनाएका छन्। गण्डकी प्रदेशको प्रतिनिधित्व गर्दै आठौं राष्ट्रिय खेलकुद प्रतियागितामा सहभागिता जनाएको उनको टिम धनगढीमा भएको मुख्यमन्त्री क्रिकेट कपमा उपविजेता बनेको थियो। हालसम्म विपिन कास्की जिल्ला एवं गण्डकी प्रदेश सहित पोखरा राइनोज, धनगढी स्टार, बुटवल ब्लास्टर, रुपन्देही च्यालेन्जर्स, काठमाडौं मेयर ११ टिमबाट पिच उत्रिसकेका छन्।

हालपोखरा महानगरपालिका वडा १४, चाउथे निवासी विपीनलाई क्रिकेटको मोह स्कुले जीवनकालमै बसेको बताउँछन्। 'सानैदेखि क्रिकेटप्रति रुचि लाग्यो, खेल्दै जाँदा यहाँसम्म आइपुगियो। हेरौ कतिसम्म अघि बढ्न सकिन्छ,' उनले भने। अहिले पाँचौ पोखरा स्पोर्टस् अवार्ड अन्तर्गत उदीयमान खेलाडी विधाको उत्कृष्ट ३ मा पर्न सफल हुँदा आफूलाई निकै खुसीलागेको प्रतिक्रिया दिए। बुवा तुलबहादुर र आमा सीता खत्रीको २ सन्तानमा उनी जेठा हुन्। उनले पोखरा पब्लिक स्कुलबाट एसएलसी उत्तीर्णसँगै कालिका उच्च माविबाट व्यवस्थापन संकायमा प्लस टु सकाएका छन्।

उदीयमान खेलाडी विधामा उनी सहित पौडीकी दुवाना लामा र लनटेनिसका प्रदीप खड्का पनि मनोनयनमा परेका छन्। तीमध्ये उत्कृष्ट एक जनाले असार १८ माहुने स्पोर्टस् अवार्डमा ३५ हजारसहित अवार्ड जित्ने छन्।

# चामे गाउँपालिका उच्च जोखिममा

रासस
मनाङ, ११ असार

मर्स्याङ्दी नदीको बहाव परिवर्तन हुँदा मनाङको चामे गाउँपालिका-४ का बस्ती क्षेत्र उच्च जोखिममा परेका छन्।

चामे गाउँपालिका-५ स्थित पुलको छेउबाट नदीले दिशा परिर्वतन गर्दै वडा नं ४ तर्फको भागबाट कटान गर्न थालेपछि बस्तीसहित त्यहाँस्थित विद्यालय, होटल, नेपाल रेडक्रस सोसाइटी, वित्तीय संस्थालगायतका दर्जनौं भवन जोखिममा परेका हुन्। लगातारको वर्षाका कारण नदीमा पानीको बहाव उच्च भएको र गाउँपालिका-५ स्थित मोटरेवल पुलले पानीको बहाव छेक्दा जग्गा कटान गर्न थालेको वडा नं ४ वडाध्यक्ष लब्सन लामाले बताउनुभयो। "नदीले जग्गा कटान गर्न थालेपछि त्यहाँस्थित लोकप्रिय माध्यमिक विद्यालय, सिटीजन बैङ्क, प्रभु बैङ्क, रोयल गार्डेनसहित तीन वटा होटेल र नेपाल रेडक्रस सोसाइटीको भवन जोखिममा परेका छन्", उहाँले भन्नुभयो, "तत्काल नदी नियन्त्रणको पहल नभए विद्यालयसँगै बस्तीका बासिन्दासमेत प्रभावित हुने देखिएका छन।" नदीमा आएको बाढीले मोटरेवल पुललाई डुवाएर बहाव परिवर्तन गरेको उहाँको भनाइ छ। माटरेवल मोटरेवल पुलले पानीको बहाव छेक्दा नदीले धार परिवर्तन गरी बग्न थालेको छ। लगातारको वर्षाले नदीको बहाव उच्च भएर धार विद्यालय रहेको क्षेत्र भएर बग्नेक्रमसँगै जग्गा कटान गर्न थालेको छ। विद्यालय नजिकै रहेका दर्जनौं भवनसमेत नदीको उच्च जोखिममा परेको स्थानीयवासी बताउँछन्। नदीमा पानीको बहाव कम नहुँदा मोटरेवल पुल क्षेत्र बढी जोखिममा रहेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो। "बाढीलाई पुलले छेक्दा नदीले बस्तीतर्फ कटान गरेको छ", उहाँले भन्नुभयो, "पुललाई हटाउन सक्ने अवस्था पनि छैन, हाल नदीमा बाढी कम हुने अवस्था पनि देखिएको छैन, यसले गर्दा जोखिम अझ बढाएको छ।" पुलको उचाई कम हुँदा नदीको बहावलाई छेक्दा अझ समस्या थपिएको प्रजिअ लामिछानेको भनाइ छ। नदीले वस्तीतर्फ कटान गर्न थालेपछि स्थानीयवासी त्रसित बनेका छन्। "नदीले वस्तीतर्फ नै कटान गरेको छ। यसले हामी राति सुत्न पाएका छैनौं, कतिखेर बाढीले बगाएर लग्ने हो भन्ने डरत्रामा हामी बाँचिरहेका छौं", स्थानीयवासी मेलिना गुरुङले भन्नुभयो, "वस्ती र विद्यालय संरक्षणका लागि तत्काल नदी नियन्त्रण गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्छ।"



विजयपुर पुल निर्माणः   पोखरा प्रवेश गर्ने मुख्य नाकामा रहेको विजयपुर पुल निर्माण गरिँदै।
तस्वीरः राधिका कँडेल, रासस

# विभेदमुक्त समाजका लागि राज्यको अभिभावकीय भूमिका आवश्यक : कांग्रेस

रासस
काठमाडौं, ११ असार

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले विभेदमुक्त समाजका लागि राज्यको सार्थक समन्वय र अभिभावकीय भूमिका देशले खोजेको जनाएको छ। पार्टीका प्रवक्ता विश्वप्रकाश शर्माले आज विज्ञप्तिमार्फत हालैको एक घटनामा एक मन्त्रीको व्यवहार र त्यसप्रति प्रधानमन्त्रीको मौनता रहेको भन्दै यसले गम्भीर प्रश्न उठाएको आरोप लगाउनुभएको छ।

घटनाको अनुसन्धान, कारवाही र समाधानको एउटा निश्चित विधि हुने उल्लेख गर्दै उहाँले राज्यवादी रहने मुद्दामा मन्त्रीको भूमिकाले एक पक्षधरताको प्रष्ट सन्देश दिनु कानूनी र नैतिक कुनै पनि कोणबाट तार्किक र न्यायोचित नहुने टिप्पणी गर्नुभएको छ। निश्चित घटना उजागर भएपछि त्यसको पक्ष-विपक्षमा नागरिक तहबाट धारणा व्यक्त हुँदै गर्दा बहशलाई तार्किक निष्कर्ष र न्यायको पक्षमा मोड्न, न्यायोचित समाधानको विधिमा समाजलाई आश्वस्त तुल्याउन, समाजमा आरोप-प्रत्यारोप एवं द्वन्द्व बढ्न नदिन जिम्मेवार राज्यले बिशेष सतर्कता र गम्भीरता राख्नुपर्ने काँग्रेसले जनाएको छ।

# तनहुँका नौ स्थानीय तहले ल्याए साढे छ अर्बको बजेट

पोखरापत्र संवाददाता
तनहुँ, ११ असार

तनहुँ जिल्लाका १० मध्ये नौ पालिकाले आगामी आर्थिक वर्ष ०७८/७९ का लागि अनुमानित बजेट सार्वजनिक गरेका छन्। तीन नगरपालिका र छ गाउँपालिकाले एकैदिन आगामी वर्षका लागि बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन्। तनहुँमा चार नगरपालिका र छ गाउँपालिका छन्।

जिल्लाका स्थानीय तहले रु छ अर्ब ६९ करोड २२ लाख २३ हजार ५०० बराबरको अनुमानित बजेट सार्वजनिक गरेका हुन्। भानु नगरपालिकाले भने बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गर्न सकेन। राजनीतिक द्वन्द्वका कारण भानुमा नगरसभा हुन नसकेको हो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमप्रसाद तिवारीले आफूहरू छलफलमै रहेको बताउनुभयो। भानुमा बेलाबेलामा विवाद हुँदै आइरहेको छ। स्थानीय तहले आफ्ना प्राथमिकताको आधारमा बजेट विनियोजन गरेका छन्। सङ्घ, प्रदेशबाट आएको अनुदान र पालिकाको आन्तरिक आम्दानीको अनुमानका आधारमा बजेटको आकार निर्धारण गरिएको छ।जिल्लाको सबैभन्दा ठूलो र पुरानो नगरपालिका व्यासले सबैभन्दा बढी बजेट सार्वजनिक गरेको छ। नगरपालिकाले रु एक अर्ब ७७ करोड ८९ लाख १२ हजारको बजेट सार्वजनिक गरेको छ। चालु वर्षको तुलनामा रु २५ करोड बढीको बजेट प्रस्तुत गरिएको उपप्रमुख मीरा जोशीले बताउनुभयो। उहाँका अनुसार बिहीबार पेश गरिएको नीति तथा कार्यक्रम पारित भएको र बजेटउपर छलफल बाँकी भएको बताए। त्यसका लागि असार २३ गते बैठक आह्वान गरिएको छ। शुक्लागण्डकी नगरपालिकाले चालु आर्थिक वर्षको भन्दा रु तीन करोड कम बजेट सार्वजनिक गरेको छ। शुक्लागण्डकीले रु एक अर्ब ६ करोड ८६ लाख २० हजारको बजेट सार्वजकि गरेको छ। भिमाद नगरपालिकाले रु ५८ करोड ५६ लाख आठ हजारको बजेट पेश गरेको छ। उपप्रमुख शारदा खनालले पेश गर्नुभएको बजेटको आधाभन्दा बढी रकम सामाजिक विकास शीर्षकमा विनियोजन गरिएको छ।


म्याग्दे गाउँपालिकाले रु ६५ करोड ८२ लाख ६१ हजारको बजेट सार्वजनिक गरेको छ। आँबुखैरेनी गाउँपालिकाले रु ६१ करोड७० लाख ६१ हजारको बजेट सार्वजनिक गरेको छ। पर्यटकीय 'हब'का रूपमा परिचित बन्दीपुर गाउँपालिकाले रु ५१ करोड ३४ लाख एक हजार ५०० को अनुमानित बजेट सार्वजनिक गरेको छ। ऋषिङ गाउँपालिकाले रु ५२ करोड र देवघाट गाउँपालिकाले रु ४८ करोड ६९ लाख७८ हजारको बजेट सार्वजनिक गरेका छन्। घिरिङ गाउँपालिकाले जिल्लाका स्थानीय तहको तुलनामा सबैभन्दा कम बजेट ल्याएको छ। घिरिङले रु ४६ करोड ३४ लाखको बजेट सार्वजनिक गरेको छ।




## रोकिएको ...

प्रक्रियानै जनगणना हो। नेपालको कुन-कुन क्षेत्र तथा भूभागमा के कति मानिस बसोबास गर्छन्, तिनीहरूमध्ये महिला, पुरुष, अन्य लिङ्गी, बालबालिका, काम गर्ने उमेर समूह र बृद्ध-बृद्धाको सङ्ख्या कति छ, तिनीहरूको बासस्थान र सुविधा के कस्ता छन् भन्ने विवरण जनगणनाको क्रममा सङ्कलन गरिन्छ। नागरिकहरू पेशा, व्यवसाय, रोजगारीको अवस्था, जातजाति, भाषाभाषी र धर्मावलम्बीहरू सङ्ख्या, उनीहरूका शिक्षा र साक्षरताको अवस्था, बसाइँसराइ, जन्म तथा मृत्युको अवस्था समेत जनगणनामा सङ्कलन गर्ने गरिन्छ। शारीरिक वा मानसिकरूपमा अपाङ्गता भएका व्यक्तिको सङ्ख्या, विदेशमा रहेका नागरिकको सङ्ख्याजस्ता थुप्रै जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक गतिविधि सम्बन्धी विवरणहरू जनगणनाबाट प्राप्त हुन्छ। जनगणनाले शिक्षा, स्वास्थ्य, बाटोघाटोलगायत अन्य भौतिक संरचनाजस्ता विकास कार्यका साथै बृद्धभत्ता, अपाङ्गता भत्ता, विधवा तथा असहाय भत्ता, विशेष व्यवस्था तथा सामाजिक सेवा र सुरक्षा सम्बन्धी कार्यक्रम तयार गर्नको लागि चाहिने आधार भूत तथ्याङ्क उपलब्ध गराउँछ।

नेपाल सरकारको मिति २०७६ श्रावण ६ गतेको राजपत्रमा प्रकाशित राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६ बमोजिम नेपाल सरकार, राष्ट्रिय योजना आयोगअन्तर्गतका आधिकारिक निकाय केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणना २०७८ का कार्य सञ्चालन गर्दै आएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बिहान नहोस, भनी निदाउँछु !

प्रतिमा पौडेल



लाग्छ मेटिदै छ, मानवको मानवता । मानवता र सम्मान सत्कार देखाउन देवता पुजन मन्दिर जान्छन् । तर घरमा रहेका माता पितालाई भने पैतालाको धुलो सम्झिन्छन् । असाध्यै मन कताकता चिसो भएर आउँछ । कति कहली लाग्दो दृश्य देखिन्छ । जब सडकको पेटिपेटिमा कचौरा हल्लाएर बसेका बुढाबुढी भेटिन्छन् । जब म मन्दिरमा जान्छु । परेवालाई राखेको चारो सोरेर खाइरहेका मातापिता देख्दछु । साचै मानवको मानवताको देहावसान भएकै हो त? हेर्दाहेर्दै कहलिलाग्दो दृश्य देखिन्छ । आजकल बजारमा सबै सागसब्जी कुहिएर बाटोमा छरपस्ट फाले सरि देखिन्छ । एकदिन बाटोमा बृद्धआश्रम पर्यो । त्यहाँ जान मन पनि असाध्यै लाग्यो । ब्याग छामे, तर पैसाको नाउँमा एस सय रुपैयाँ मात्र रहेछ । जाउँ त खाली हात कसरी जाउँ नजाउँ भने मेरो मन नै स्थिर भएन । त्यो एक सय रुपैयाँको यो समयमा के नै आउँछ र ? महगिंले सारा बजार, गाउँ सबै ढकमक्क ढाकिसकेको छ । मेरो मनलाइ कति पनि रोक्न सकिन र जाने निर्णय गरे । मेरो अनुहारको मुस्कान र मीठो वचन नै ठूलो मिष्ठान हुनसक्छ, भन्ने लाग्यो । पछाडी सरिसकेका मेरा पाइलाहरुलाइ फेरि बृद्धआश्रमको ढोका तर्फ बढाए । बृद्धआश्रमको गेटमा मामा थिए । उनले मलाई सोधे, कसलाई भेटन आए कि? कस कि छोरी, नातिनी होउ ? कस्तो अचम्मका प्रश्नहरु राख्दै थिए । अनि मैले भने मेरो आफन्त कोही छैनन् दाइ । तर उनिहरु सँग मेरो मानवताको नाता गाँसिएको छ । उनले फेरि प्रश्न गरे । के लिएर भेट्न आएकि छौं ? मैले फेरी भने उनीहरुलाई दिनलाई म सङ तेस्तो कृत्रिम वस्तु केही पनि छैन, तर ओठमा मुस्कान र बोलीमा सहानुभूति लिएर आएकी छु । उ निशब्द भए र मलाई भित्र जानका लागि अनुमती दिए ।

जब मैले बृद्धआश्रम भित्र पाइला टेके लाग्यो सबै मातापिताको न्यानो स्पर्श त्यहाँ भरिएको थियो । बास्तविक देवताको जिवित आर्शिवादको पार्दर्शिताले झल्केको मन्दिरमा छु । त्यहाँ सबैको अनुहारमा पिडाको हाँसो झल्कीरहेको थियो । लाग्दै थियो सबै घाट्को बाटो नै कुरेर बसिरहेका छ्न । म केही बोल्न नपाउदै आमाले भनिन, नानी हामीलाई भेट्न आएकि हौ ? अनि उनको प्रश्नको उत्तर दिन नपाउदै भनिन । विहान नहोस भनी निदाउँछु नानी । फुस्रो ओठबाट निस्किएका ती गहकिला शब्दले साच्चै समाजको यथार्थतालाइ जनाउछ । आशाको किरणको एक बिम्ब पनि नरहेको ती नजर देख्दा लाग्यो, संसार अन्धकारको बाटो तिर लम्किदै छ। उनीहरुको आँखाबाट बर्सिएका आँसु देख्दा लाग्छ तेहि आसु सँगै सबै दुःख, पिर बगाउन चाहान्छन ।

रामकुमारी आमा भन्दै थिइन, घाँसको भारी पछाडि र छोरालाई अगाडि काखमा बोकेर घर,खेत र मेलापात गर्दथे । तर म आज एक्लै छु । एउटा छोरा डाक्टर बनेको छ । अर्को चाहिँ इन्जिनियर बनेको छ । अर्को प्रदेशमा छ । तीन भाइ छोरा भएर पनि कसैले मेरा लागि घर बनाउन सकेनन् । मलाई हर्न उनिहरु सँग समय पनि छैन । बेलाबेला फोन गरेर भन्ने गर्छन, आमा नआति बसे हामी लिन आउछौ । खै कहिले लिन आउछ्न ? अरु नभए पनि म मर्दा घाट्मा आगो लगाउन भने आउन भन्ने आसामा बाटो कुरीरहेको छु । कति वास्तविक मार्मिक कथा अझ उहाँको त्यो कथामा सहानुभूति दिने कुनै बाटा देखिन । उहाँका कुराले मेरो मुहारमा कालो बादल आइ बसे सरि भयो । लाग्दै थियो कयौं आमाबाबुको बृद्धआश्रम शरीर मात्र बाँकी छन् । सबैका कथामा बेग्लै व्यथाहरु भेटिए ।

कहिलेसम्म छोराछोरी भएर पनि बाँझोपन देखाएर बस्नु पर्न रहेछ ? यस कुराले समाजको वास्तविक सन्दर्भ झल्काउँछ । सबैका कथा, बेथा सुन्दै गर्दा एकजना बाबुराम नाम गरेका बुबासँग भेट भयो । कुरा सुरु गर्न क्रममा उनले भन्दै थिए । नानी कसकी नातिनि होउ कसलाई भेट्न आएकी ? प्रति उत्तरमा मैले जवाफमा भने । मेरा कोही आफन्त यस आश्रममा छैनन । तर सबै आमाबुबासँग मानवताको र मनको नाता अवस्य छ । सफा, स्वच्छ सुन्दर मन्दिरमा जिवित देवताको आर्शिवाद लिन आएकी हु । मेरो जवाफले उनलाई के भएछ । आँसु झार्दै मलाई आफ्नो अङ्गालोमा बेरे । उनको अङ्गालो कति पवित्र थियो ।

मलाई देवताको काखमा बसे सरि भयो । लाग्दै थियो सारा दुःख सुखको स्पर्श त्यो निश्चल मुटुमा थियो । उनको मुहारमा आशाका किरण देख्दै थिए उनले भने, मेरी नातिनी पनि तिमी जत्रै भइ होलीन । अनि फेरि भन्न थाले । यहि मिठो मुस्कान बोकेर फेरिफेरी पनि आउँदै गर्नु है नानी । अति नै मिठो र गहकिलो हुन्छन् बुढाबुढिका कुराहरु सदा सुनिरहुँ लागिरहन्छ । पराइलाई पनि आफ्नै मान्ने उनिहरु सोच्दै थिए आफ्नालाइ झन कस्तो व्यवहार गर्दा हुन । माया ममता र प्रकृतिको यो संसारमा आज, भोलि र पर्सि हुँदै अध्याँरोको वातवरण सृजना भइरहेको देखिन्छ । आफ्नो र आफन्तवाद केवल धन सम्पतिमा अडिग छ ।

लेखिका लेक सिटी कलेज एण्ड रिसर्च सेण्टरमा विए प्रथम वर्षमा अध्ययनरत छिन् ।

# मिर्गौला रोगबाट बच्न स्वस्थ जीवनशैली अपनाउन आह्वान

रासस
काठमाडौं, ११ असार

अस्वस्थ जीवनशैलीले मिर्गौला रोग लाग्ने भएकाले स्वस्थ जीवनचर्या बिताउनुपर्नेमा जोड दिइएको छ । वाग्मती सफाइ महाअभियान र हामी साथ छौं अभियानले बिहीबार बेलुकी जुम प्रविधिबाट आयोजना गरेको प्रवचन कार्यक्रममा राष्ट्रिय मिर्गौला रोग केन्द्रका प्रमुख प्रा डा ऋषिकुमार काफ्लेले ९० प्रतिशत मानिस मिर्गौला बिग्रिएपछि मात्र अस्पताल पुग्ने गरेको बताउनुभयो । केन्द्रमा हाल दैनिक २५० मिर्गौला रोगीको डाइलासिस हुने गरेको छ ।

यसैगरी ५० जनाको मिर्गौला परीक्षण हुन्छ । अमेरिकाको ‘स्ट्याण्डर्ड’ खानाले धेरै मानिस बिरामी हुने गरेको प्रसङ्ग उल्लेख गर्दै उहाँले खानामा साग सब्जीसहितको स्वस्थ चीजबीज उपभोग गर्नुपर्ने बताउनुभयो ।

नेपालमा हाल तीन लाख मानिस मिर्गौला बिगारेर हिँड्ने गरको र तीन हजारको मिर्गौला फेल भएको केन्द्रले जनाएको छ । मिर्गौला रोगबाट बच्न शरीरमा पानीको व्यवस्थापन, उच्च रक्तचाप र मधुमेहलाई नियन्त्रण गर्नुपर्नेमा डा काफ्लेले जोड दिनुभयो । “मिर्गौला बिग्रिरहेका बेला कुनै लक्षण हुँदैन, अन्तिममा मात्र थाहा हुन्छ, मिर्गौलामा समस्या भएपछि मुटु स्ट्रोकका कारण मानिस मर्छन्, दैनिक दुईदेखि तीन लिटर पिसाब आउने गरी पानी पिउनुस्, दिनमा १० हजार पाइला हिँड्नुस्, रातमा सात, आठ घण्टा सुत्नुस्, चुरोट, खैनी, जाँड, रक्सीले मिर्गौला बिगार्ने भएकाले यस्ता चीजबाट टाढा रहनुस्, मोटोपना, रक्तचाप भए घटाउने, मधुमेह ठीक राख्ने गरेमा मिर्गौला रोगबाट बच्न सकिन्छ”, उहाँले भन्नुभयो । स्वस्थ खाने, समयमा खाने, पेन किलर नखाने गर्नाले पनि मिर्गौला रोगबाट बच्न सकिन्छ । पिसाबबाट प्रोटिन गएको छ भने मिर्गौलामा समस्या छ भन्ने प्रमाणित हुने भएकाले सजग हुन आह्वान गरिएको छ । मिर्गौला बचाऔं अभियानलाई रु एक दान गर्न डा काफ्लेले आह्वान गर्नुभयो । हाल काठमाडौं महानगरपालिकाका ३२ वटै वडामा मिर्गौला जाँच हुने गरेको छ । पन्ध्र हजारको जाँच गर्दा ७०० लाई मिर्गौला रोग भेटिएको केन्द्रको अभिलेख छ । कार्यक्रममा निःशुल्क गुर्जोका बिरुवा र धुलो एवं चिया वितरण गर्दै आउनुभएका अभियानकर्मी कमलबहादुर राजलवटले गुर्जोको नियमित सेवनले रोग प्रतिरोधी क्षमता बढाउने बताउनुभयो । गुर्जोलेशरीरकाटक्सिनलाईबाहिर निकाल्छ । गुर्जोको चिया र धुलो सेवन गर्नाले पाइल्स, आँखा, छालाको समस्या समाधान हुने गरेको छ । गुर्जो वात, पित्त, कफ त्रिदोषनाशक छ । प्राचीन कालदेखि नै औषधिका रूपमा उपयोग गरिँदै आएको गुर्जोले पाचनतन्त्र बलियो बनाउँछ । गुर्जोले बच्चा र वृद्धलाई जवान बनाउने एवं जवानलाई पहलमान बनाउने अभियानकर्मी राजलवट बताउनुहुन्छ । पाँच वर्षमुनिका बालबालिका र गर्भवतीले भने गुर्जोका परिकार सेवन गर्नुहुँदैन । गुर्जोको बिरुवा रोपेको एक वर्षपछि परिपक्व बन्छ । एक वर्षमा गुर्जोको बिरुवामा सबै गुण आउँछ । विसं २०७६ चैतमा कोरोनाबाट बच्न बन्दाबन्दी गरिएदेखि यसबाट बनेको औषधि र बिरुवा निःशुल्क वितरण गर्दै आउनुभएका अभियानकर्मी राजलवटले त्यो अभियानलाई यस वर्ष पनि निरन्तरता दिनुभएको छ । गत वर्ष एक लाख ४० हजार गुर्जोका बिरुवा रोपणका लागि निःशुल्क वितरण गरिएको उहाँले बताउनुभयो । कार्यक्रममा पूर्व मुख्यसचिव एवं प्रमुख अभियानकर्मी लीलामणि पौडेलले सफाइ महाअभियान आठौं वर्ष पूरा गरी नवौं वर्ष प्रवेश गरेको अवसरमा सात हप्ताअघिदेखि हामी साथ छौं अभियानसँग मिलेर कोरोनाबाट बच्न आवश्यक जानकारी दिन प्रवचन कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

विसं २०७० जेठ ५ गतेदेखि शुरु भएको सफाइ महाअभियानले ५० औं हप्ताका अवसरमा २०७१ वैशाख १ गते गुह्येश्वरीभन्दामाथिको वाग्मतीमा ढल मुक्त गरेर गुह्येश्वरीमा स्नान गरेकामा हाल पुनः प्रदूषित बनेको छ । नेपालमा अङ्ग दान गर्ने परम्परा विकास हुन नसकेको उल्लेख गर्दै पूर्व मुख्यसचिव पौडेलले आफूले देशमै पहिलोपटक छाला दान गरेको बताउनुभयो । आगोबाटजलेकाकालागिछाला आवश्यक पर्ने गर्छ । आफू मुख्यसचिव भएकै बेला ‘ब्रेन डेथ क्राइटेरिया’को कानूनी व्यवस्था गरेको उहाँले सुनाउनुभयो । ब्रेन डेथ भएकाको छाला, मिर्गौला र कलेजो दान गर्न सकिने व्यवस्था छ ।

विकसित मुलुकमा ७५ प्रतिशत अङ्ग दानबाट पाइने गरेको छ । नेपालमा पनि अङ्गदान सबैभन्दा ठूलो दान हो भन्ने मान्यतालाई स्थापित गर्न अभियान चलाइनुपर्नेमा जोड दिइएको छ । अभियानकर्मी डा माला खरेलले महाअभियान र हामी साथमा छौं अभियानको आयोजनामा साप्ताहिकरूपमा भइरहेको प्रवचनले धेरैलाई स्वस्थ जीवनयापनको सूत्र दिने भएकाले यसलाई निरन्तरता दिने बताउनुभयो ।

अभियानकर्मी राजकुमार भट्टराईले वाग्मतीबाट हालसम्म २० हजार टन फोहर व्यवस्थापन गरिएको बताउनुभयो । सफाइ महाअभियानमा १२ लाख स्वयंसेवीले सफाइमा साथ दिएका छन् । महाअभियानबाट प्रभावित भएर उपत्यकामा वाग्मती, सहायक नदी, चक्रपथ, सम्पदा स्थलसहित २० स्थान र उपत्यका बाहिरका मुख्य नदी, शहर र सांस्कृतिक सम्पदामा सफाइ भइरहेको छ ।

# मनसुनी वायुको प्रभाव देशका अधिकांश भेगमा बदली र वर्षा

रासस
काठमाडौं, ११ असार

देशभर हाल मनसुनी वायुको प्रभावले अधिकांश भेगमा सामान्यदेखि पूर्ण बदली रहनुका साथै कतिपय स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार मनसुनी वायुसँगै देशको दक्षिणी भूभाग नजिक मनसुनी न्यूनचापीय रेखा रहेकाले हाल देशका अधिकांश भूभागमा बदली रही प्रदेश नं १, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । काठमाडौं उपत्यकामा शुक्रबार बिहानैदेखि हल्का वर्षा भइरहेको छ ।

महाशाखाले जारी गरेको आगामी तीन दिनको मौसम पूर्वानुमान बुलेटिनमा शुक्रबार देशभर सामान्यदेखि पूर्ण बदली रहनुका साथै प्रदेश नं १, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थान र बाँकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । प्रदेश नं १ र वाग्मती प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ । राति पनि यही मौसमी प्रणाली कायम रहने जनाइएको छ ।

भोली शनिबार देशभर सामान्यदेखि पूर्ण बदली रही अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, २ र वाग्मती प्रदेशका एक/दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । शुक्रबार काठमाडौंको अधिकतम २९ र न्यूनतम तापक्रम २० दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।

# नेपाल चिकित्सक संघ, गण्डकी शाखाको २०७८-२०८१ कार्यकारणी समितिको

## निर्वाचन सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघ, गण्डकी शाखा कार्यकारिणी समिति २०७८-२०८१ कार्यकालका लागी अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष १, महासचिव १, कोषाध्यक्ष १, सहसचिव १, सहकोषाध्यक्ष १ र सदस्यहरु ४ गरी जम्मा १३ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन सम्बन्धि कार्यक्रम निम्नानुसार हुने व्यहोरा यसै सुचना मार्फत सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

क) नेपाल चिकित्सक संघ, गण्डकी शाखा कार्यकारणी समितिको २०७८-२०८१ कार्यकालका लागि निर्वाचन कार्यक्रममा सहभागी हुन चाहनु हुने चिकित्सकहरुलाई संघको शाखा तथा केन्द्रिय कार्यलयमा मिति २०७८ असार १५ गते मंगलबारसम्म नेपाल चिकित्सक संघको आजिवन सदस्य बन्नुपर्ने ।

ख) मनोनयन पत्र वितरण : २०७८ असार २२ गते मंगलबार बिहान १० बजेदेखि ४ बजेसम्म

ग) उम्मेदवारले मनोनयन पत्र दर्ता गर्ने : २०७८ असार २१ गते बुधवार बिहान १० बजेदेखि ४ बजेसम्म

घ) उम्मेदवारको प्रथम पटक नामावली प्रकाशनः २०७८ असार २४ गते बिहिबार बिहान ११ बजेसम्म

ङ) दावि बिरोध गर्ने र उम्मेदवारी फिर्ता लिने : २०७८ असार २४ गते बिहिवार दिउँसो १ वजेसम्म

च) उम्मेदवारको अन्तिम नामावली प्रकाशन : २०७८ असार २४ गते विहिबार दिउँसो १:३० वजे

छ) नेपाल चिकित्सक संघ, गण्डकी शाखाको गोप्य मतदान :
दिनः २०७८ असार २५ गते शुक्रबार
समयः बिहान १० बजेदेखि ४ बजेसम्म
स्थानः सभाहल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा

ज) मतगणना र विजय उम्मेदवारको घोषणा : २०७८ असार २५ गते शुक्रबार साँझ ५ वजे उप्रान्त

**पुनश्चः**

१) नेपाल चिकित्सक संघ निर्वाचन नियमावली २०७० प्रथम संसोधन २०७३ को परिक्षद् ४ को उपदफा ९ बमोजिम संघको कार्यकारिणी समितिको पदाधिकारीहरुमा अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सहसचिव, सहकोषाध्यक्षमा उम्मेदवारी गराउनको निमित्त नेपाल चिकित्सक संघको सदस्यता लिएको अवधि ७ वर्ष र सदस्यहरुका लागि संघको सदस्यता लिएको अवधि ४ वर्ष पुगेको हुनुपर्ने छ । अन्य नियमहरु शाखा निर्वाचन समितिले तय गरे बमोजिम हुनेछ ।

२) मनोनयन दर्ताका लागि उम्मेदवारहरुले नेपाल चिकित्सक संघ गण्डकी शाखाको पोखरा फाइनान्समा रहेको निम्न खाता नम्बरमा अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सहसचिव, सहकोषाध्यक्ष उम्मेदवारले रु. १०,०००।- (दश हजार रुपैया मात्र) र सदस्य पदका उम्मेदवारले रु ५,०००।- (पाँच हजार रुपैया मात्र) बुझाएको प्रमाणको भौचर रसिद सहित निर्वाचन समितिको कार्यालय, नेपाल चिकित्सक संघ गण्डकी शाखामा दर्ता गराउनु पर्नेछ ।
बैकको नाम : पोखरा फाइनान्स लिमिटेड
खाता नं. : 00111300004718000001
खाताको नामः Nepal Medical Association, Gandaki

३) मतदानको समयमा मतदान गर्न योग्य मतदाताले नेपाल चिकित्सक संघको परिचय पत्र, नेपाल मेडिकल काउन्सिलको परिचयपत्र वा नागरिकता प्रमाणपत्र लिएर आउनु पर्नेछ । यदि सो नभएमा मतदानबाट बन्चित गरिनेछ ।

**डा. यज्ञराज सिग्देल** — निर्बाचन अधिकृत
**प्रा.डा. गिरीधारी शर्मा** — निर्बाचन अधिकृत
**डा. माधवबाबु तिवारी** — प्रमुख निर्बाचन अधिकृत

**निर्वाचन समिति २०७८-२०८१, नेपाल चिकित्सक संघ, गण्डकी शाखा**

# ‘भेरोसेल’ को दोस्रो मात्रा असार २२ देखि दिइने

रासस
काठमाडौं, ११ असार

सरकारले कोरोना भाइरस सङ्क्रमणविरुद्धको ‘भेरोसेल’ खोपको दोस्रो मात्रा यही असार २२ गतेदेखि ज्येष्ठ नागरिकलाई लगाउने भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ‘भेरोसेल’ खोप पहिलो मात्रा लगाएका ज्येष्ठ नागरिकलाई यही असार २२ गतेदेखि दोस्रो मात्रा लगाइने जनाएको छ । स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दीपेन्द्ररमण सिंहले आज सूचना जारी गर्दै ‘भेरोसेल’ को पहिलो मात्रा लगाएका तीन लाख ७० हजार ज्येष्ठ नागरिकलाई असार २२ गतेदेखि दोस्रो मात्रा खोप लगाइने जानकारी दिनुभयो । गत जेठ २५ गतेदेखि २९ गतेसम्म ६० देखि ६४ वर्ष उमेर समूहका ज्येष्ठ नागारिकलाई खोपको पहिलो मात्रा लगाइएको थियो । यसअघि पहिलो मात्रा लगाएकोलाई समेत दोस्रो मात्राको खोप दिइने छ । खोप लगाउनका लागि पहिलो मात्रा लगाइएको कार्ड अनिवार्य देखाउनुपर्ने छ । नेपालमा अहिलेसम्म सात लाख ३१ हजार ६५३ जनाले दोस्रो मात्रा र २५ लाख १९६ जनाले पहिलो मात्राको खोप लगाइसकेका छन् ।

# नासोका बाढी प्रभावितलाई राहत

पोखरापत्र संवाददाता
मनाङ, ११ असार

हिमाली जिल्ला मनाङको नासो गाउँपालिकाका बाढी प्रभावितलाई राहत प्रदान गरिएको छ ।

नेपाल खेलकुद महासंघ केन्द्रीय कमिटी उपमहासचिव शान्तामाया परियारका अनुसार महासंघको नेतृत्वमा खाद्यान्न सहयोग गरिएको हो । बाढीपहिरोबाट आवास प्रभावितलाई सो सहयोग गरिएको हो । डिस्याङ मनाङ वुमन सोसाइटी, मनाङ मर्स्याङ्दी फुटबल क्लब, नेपाल आयल निगम, गोर्खा सेमिस्ट्रिस ट्रस नेपाल लगायतको समन्वय र सहकार्यमा राहत सङ्कलन गरी प्रभावितलाई सहयोग गरिएको छ । जिल्लाका चार स्थानीय तहमध्ये बढी क्षति नासो गाउँपालिकामा पुगेको छ । बाढी पहिराले मनाङका प्रायः बस्ती रहेका स्थानमा जोखिम बढ्दै गएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो । धेरै बस्ती बाढी पहिराले पूर्ण रूपमा विस्थापित भएको उहाँले बताउनुभयो । मर्स्याङ्दी नदीमा बाढी आउने क्रम नघट्दा अझै पनि समस्या उस्तै रहेको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : मानसिक तनाब | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : मन चञ्चल |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# खानेपानी सुविधासँगै हट्यो सामाजिक द्वन्द्व

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ११ असार**

जिल्लाको रघुगङ्गा गाउँपालिका-२ भगवतीस्थित राममन्दिरमा खानेपानी सुविधासँगै सामाजिक द्वन्द्व हटेर शान्ति र मेलमिलाप कायम भएको छ ।राममन्दिरका सबै ७६ घरधुरीमा निजी धारा जडान गरेर खानेपानी वितरण भएको छ।

गाउँपालिकाले सञ्चालन गरेको भगवतीका सबै घरमा निजी धारामार्फत खानेपानी सुविधा विस्तार गर्ने योजना पहिलो पटक राममन्दिरमा कार्यान्वयन भएको हो।

घरघरमा जडित निजी धारामा नियमितरूपमा पर्याप्त मात्रामा खानेपानी आपूर्ति हुन थालेपछि पानीकै कारणले हुने सामाजिक द्वन्द्व हटेर मेलमिलाप र सद्भाव कायम गर्न सहयोग मिलेको राममन्दिर टोल विकास संस्थाका अध्यक्ष कृष्णध्वज कार्कीले बताउनुभयो।

"यसअघि सार्वजनिक धारा, कुवा, पँधेरा र खोल्साको पानी उपभोग गर्दै आएका थियौँ । पानीको स्रोत कम हुँदा विवाद र झगडा हुने गरेको थियो। विवादले हैरान भएको थियो," उहाँले भन्नुभयो, "घरघरका धारामा पानी आउन थालेपछि विवाद र झगडा हुन छाडेको छ।" रघुगङ्गाको रु ४९ लाख अनुदान सहयोग र स्थानीयवासीको रु १२ लाख बराबरको श्रमदानमा आयोजना निर्माण भएको हो । घट्टटोलको मुहानबाट ल्याइएको पानी दुई वटा छ हजार र दुई वटा पाँच हजार लिटर क्षमताका ट्याङ्कीमा सङ्कलन गरी आठ किलोमिटर पाइप लाइनमार्फत घरघरमा वितरण गरिएको छ । खानेपानीको पाइपलाइन निर्माण र धारा जडानका लागि उपभोक्ताले प्रतिघर सात दिनका दरले श्रमदान गरेका थिए। राममन्दिर, ओखरबोट, बिसौना, रानीचौतारी, च्युरीबोट, रोहोटेपानी, सिरुवारी र स्यानोघर टोलमा खानेपानी सुविधा भएको छ । आँगनकै धारामा सफा र शुद्ध पानी आउन थालेपछि सुविधासँगै समयको बचत भएको स्थानीयवासी घ्युकुमारी शाहीले बताउनुभयो । "धारामा जान र आउन ३० मिनेट लाग्थ्यो, खडेरीमा घण्टौँ पालो कुरेर बस्नुपर्दा निकै दुःख थियो", उहाँले भन्नुभयो,"अहिले चाहिएको बेलामा आवश्यकतानुसार पानी उपभोग गर्न पाएका छौँ ।

सरसफाइ सुधार र दैनिकी सहज भएको छ ।"वडाध्यक्ष रिम कटुवालका अनुसार गाउँपालिकाले विसं २०७५ मा रु ५० लाख विनियोजन गरेर गौरवको आयोजनाकारूपमा करिब दुई हजार घरधुरीको बसोबास रहेको भगवतीमा निजी धारासहितको खानेपानी योजना शुरु गरेको थियो।

"पहिलो वर्ष सिजलगाउँ र देउपूर्णमा निर्माण गरिएको खानेपानी आयोजनालाई सुधार र व्यवस्थित गर्दैछौँ", उहाँले भन्नुभयो, "आगामी आर्थिक वर्षमा रिनिरौतारी, माझखर्क र चौरका सबै घरमा खानेपानी वितरण गर्न रु २५ लाख विनियोजन भएको छ। साझपानी, हटिया, मैदान र पखटोलमा प्रदेश सरकारले खानेपानी आयोजना निर्माण गरिरहेको छ।"

# बागलुङको बजेट एक अर्ब छ करोड

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ असार**

बागलुङ नगरपालिकाले आगामी आव २०७८/०७९ का लागि रु एक अर्ब पाँच करोड ६८ लाख ३० हजारको बजेट सार्वजनिक गरेको छ।

यो बजेट गत वर्षको भन्दा रु १० करोडभन्दा बढी हो । नगरपालिकाले गत आव मा रु ९४ करोड ७७ लाख ८६ हजार ३३७ को बजेट सार्वजनिक गरेको थियो । नगर उपप्रमुख सुरेन्द्र खड्काले बिहीबार सार्वजनिक गरेको बजेटमा चालु तथा पूँजीगत र वित्तीय व्यवस्थापनतर्फ रु १५ करोड ८१ लाख विनियोजन गर्दै पूर्वाधार , जनस्वास्थ्य र शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिएको छ। पूर्वाधार विकासमा रु २३ करोड पाँच लाख, आर्थिक विकास तर्फ कृषिमा रु एक करोड ५९ लाख, पशु विकास रु ६९ लाख, पर्यटनमा रु एक करोड १० लाख, उद्यम विकास तथा रोजगार प्रवर्द्धनमा रु चार करोड ८९ लाख बजेट विनियोजन गर्नुभएको छ। यस्तै, सामाजिक विकातर्फ शिक्षामा रु ३९ करोड ५१ लाख बजेट विनियोजन गर्दै प्रारम्भिक बालविकास केन्द्रका सहजकर्तालाई सरकारले घोषणा गरेको मासिक पारिश्रमिकमा रु सात हजार थप गरी रु १५ हजार कायम गर्ने व्यवस्था गरिएको छ । जनस्वास्थ्य सेवातर्फ रु नौ करोड ५८ लाख ६५ हजार, युवा तथा खेलकूद विकास विकासतर्फ बाङेचौर खेल मैदान निर्माणका लागि सङ्घ, प्रदेश र नगरपालिकाको समपूरक कोष गरी रु तीन करोड ४२ लाख, मेयर कप कार्यक्रम र राष्ट्रपति रनिङ शिल्ड, खेलकूद मैदान सुधार र विस्तारका लागि रु ९३ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

# म्याग्दीका स्थानीय तहमा तीन अर्बको बजेट प्रस्तुत

**– सन्तोष गौतम**
**म्याग्दी, ११ असार**

यहाँका छ स्थानीय तहले आगामी आर्थिक वर्ष २०७८/७९ का लागि रु तीन अर्बभन्दा बढीको बजेट ल्याएका छन् । विसं २०७४ मा निर्वाचित भएका यहाँका पालिकाका पदाधिकारीले ल्याएको रु तीन अर्ब दुई करोड ५७ लाख ४९ हजार ८२० को पहिलो कार्यकालको अन्तिम बजेट सार्वजनिक गरेका हुन् । विगतकै परम्परागत शैलीमा ल्याइएको बजेट पूर्वाधार, कोरोना महामारी नियन्त्रण, विपद् व्यवस्थापन, स्वास्थ्य, शिक्षा, पर्यटन पूर्वाधार, कृषि, पशुपालन र खेल पूर्वाधारमा केन्द्रित छ।

न्यून मात्रामा आन्तरिक स्रोत जुटाएका पालिकाको बजेट सङ्घीय तथा प्रदेश सरकारले पठाएको अनुदान र चालु आवमा खर्च हुन नसक्ने अनुमान गरिएको बजेटमा निर्भर छ। सामाजिक सुरक्षा भत्ता, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मीको तलब भत्ता र जनप्रतिनिधीको सुविधा ठूलो आकारको देखिएको स्थानीय तहको विकास बजेट कूल बजेटको करीब तिहाइ छ । रु चार करोड आन्तरिक आम्दानी गर्ने लक्ष्यसहित रु ६६ करोड पाँच लाख ६७ हजारको बजेट ल्याइएको बेनी नगरपालिकाले पूँजीगततर्फ रु २३ करोड २६ लाख ८५ हजार विनियोजन गरेको छ । पूर्वाधार विकासमा रु तीन करोड ५० लाख, सामाजिक विकासमा रु एक करोड ७५ लाख, आर्थिक विकासमा रु एक करोड ४० लाख, वातावरण तथा विपद् व्यवस्थापनमा रु ७५ लाख, कोरोना नियन्त्रणमा रु ५० लाख, वर्षामा अवरुद्ध सडक मर्मतमा रु ७० लाख र समपूरक कोषमा रु तीन करोड ८५ लाख विनियोजन गरेको नगरप्रमुख हरिकुमार श्रेष्ठले बताउनुभयो । नवौँ नगरसभामा उपप्रमुख सञ्जु बरुवालले प्रस्तुत गरेको बजेटमा छलफलका लागि सभाका सदस्यले समय मागेपछि आइतबारसम्म स्थगित गरिएको छ। यही असार ७ गते नै पारित भएको रघुगङ्गाको कूल रु ५३ करोड १९ लाख नौ हजार बजेटमध्ये पूँजीगत शीर्षकमा रु १४ करोड ७५ लाख विनियोजन गरिएको छ । रु एक करोड तीन लाख आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेको रघुगङ्गाले मौवाफाँटमा गाउँपालिकाको भवन बनाउन रु एक करोड ५० लाख, सडक पूर्वाधारमा रु नौ करोड ६७ लाख, शिक्षामा रु १४ करोड ७५ लाख, स्वास्थ्यमा रु सात करोड, कृषि, पर्यटन, सहकारीलाई रु दुई करोड विनियोजन गरेको अध्यक्ष भबबहादुर भण्डारीले बताउनुभयो।

सामाजिक सुरक्षा भत्ताबाहेक रु ४२ करोड ३० लाखको बजेट पारित गरेको अन्नपूर्ण गाउँपालिकाले पूँजीगत शीर्षकमा रु आठ करोड ९९ लाख ८० हजार र समपूरक कोषमा रु दुई करोड १३ लाख विनियोजन गरेको छ । सडक पूर्वाधार, भवन, खानेपानी, विपद् व्यवस्थापन, महामारी नियन्त्रण, शिक्षा, स्वास्थ्य र पशुपालनलाई प्राथमिकता दिएको अध्यक्ष डमबहादुर पुनले बताउनुभयो । गुर्जा-१ र मल्कवाङ-५ का जनप्रतिनिधिको फरक मत राखेपछि बहुमतका आधारमा धवलागिरि गाउँपालिकाले यही असार ९ गते मुनामा भएको एघारौँ गाउँसभाबाट रु ४८ करोड ४० लाख ९९ हजार ८२० को बजेट पारित गरेको छ। पूँजीगततर्फ रु १३ करोड ८७ लाख विनियोजन गरेको धवलागिरिले सबैभन्दा बढी विपद् व्यवस्थापनमा रु एक करोड २२ लाख र गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि रु एक करोड विनियोजन गरेको अध्यक्ष थमसरा पुनले बताउनुभयो । नवौँ गाउँसभाबाट रु ५० करोड ४३ लाख ४९ हजारको बजेट पारित गरेको मालिका गाउँपालिकाले चालुतर्फ रु सात करोड ८१ लाख, पूँजीगततर्फ रु १३ करोड चार लाख र ससर्त अनुदानतर्फ रु १९ करोड २७ लाख विनियोजन गरेको अध्यक्ष श्रीप्रसाद रोकाले बताउनुभयो।

दरबाङ बजार संरक्षणमा रु एक करोडसहित विपद् व्यवस्थापन शीर्षकमा सबैभन्दा बढी रु तीन करोड १२ लाख ३३ हजार, सडकमा रु एक करोड ८५ लाख, साझेदारीमा सञ्चालन हुने कार्यक्रमलाई रु दुई करोड ५० लाख, भवनमा २३ लाख ९० हजार, शिक्षामा रु एक करोड नौ लाख ९० हजार, स्वास्थ्यमा रु ५० लाख, खानेपानीमा रु ४७ लाख ९९ हजार, खेलमैदानलाई रु २२ लाख ५० हजार, कृषिलाई रु ४८ लाख ३२ हजार, पर्यटनलाई रु ३५ लाख र लघुउद्यमलाई रु ३८ लाख विनियोजन गरिएको छ।

सामाजिक सुरक्षा भत्ताबाहेक कूल रु ४२ करोड १८ लाख २५ हजार बराबरको बजेट पारित गरेको मङ्गला गाउँपालिकाले चालुतर्फ रु २१ करोड ५१ लाख ९९ हजार र पूँजीगततर्फ रु २० करोड ६६ लाख २६ हजार विनियोजन गरेको अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो।

सडक पूर्वाधारमा रु १० करोड १८ लाख, सामाजिक विकासमा रु तीन करोड ३० लाख, सिँचाइ तथा खानेपानीमा रु ७१ लाख, साझेदारीमा सञ्चालन हुने योजनाका लागि समपूरक कोषमा रु दुई करोड नौ लाख, शहरी विकासमा रु दुई करोड एक लाख, कृषि र पशुपालनमा रु ९९ लाख ५० हजार, कोरोना कोषमा रु ४८ लाख, वातावरणमा रु २८ लाख, स्वास्थ्यमा रु ३७ लाख ५० हजार, पोषण सुधारका लागि रु १३ लाख, खेल पूर्वाधारमा रु ३४ लाख ५० हजार, विपद् व्यवस्थापनमा रु चार लाख ५० हजार, युवा तथा खेलकूदमा रु ३६ लाख विनियोजन गरिएको छ।

# मोटरसाईकलबाट खसेर एक युवाको मृत्यु

**पोखरापत्र संवाददाता**
**पर्वत, ११ असार**

मध्यपहाडी लोकमार्गअन्तर्गत पर्वतको कुश्मा नगरपालिका-७ खरेहामा मोटरसाइकलबाट खसेर पर्वतको मोदी गाउँपालिका-५ बाजुङका १७ वर्षीय अर्जुन कुँवरको मृत्यु भएको हो।

मोदीबाट कुश्मातर्फ आउँदै गरेको ग२०प २३०५ नंको मोटरसाइकल खरेहामा आइपुग्दा डिभाइडरमा ठोक्किँदा पछिल्लो सिटबाट खसेका कुँवर गम्भीर घाइते भएका थिए। बिहीबार दिउँसो भएको दुर्घटनामा गम्भीर घाइते भएका कुँवरको उपचारका क्रममा आज बिहान गण्डकी अस्पताल पोखरामा मृत्यु भएको हो । १९ वर्षीय निष्कर्ष कुँवरले चलाएको मोटरसाइकल खरेहामा आइपुग्दा डिभाइडरमा ठोक्किँदा पछाडि बसेका अर्जुन सडकमा खसेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले घटनाका बारेमा थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि.स. १९९७/०१/१६ गते**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०२/३१ गते**

## स्वः कुल बहादुर गुरुङ

स्थायी घर स्याङ्जा पु.व.न.पा. वार्ड नं.-१२ पेल्काचौर घरभई हाल पोमनपा वार्ड नं.-२६ बुढीबजार निवासी हाम्रा पुजनीय पति/बुबा **कुल बहादुर गुरुङ** को ८१ वर्षको उमेरमा असामयिक स्वर्गारोहणले हामी सम्पूर्ण परिवार मर्माहत एवं स्तब्ध भएका छौ। स्वर्गवासको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा हामीप्रति सहानुभुति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**श्रीमतीः हिम कुमारी गुरुङ**
**जेठो छोरा/बुहारीः श्याम बहादुर/रनमाया गुरुङ**
**माइलो छोरा/बुहारीः रेशम बहादुर गुरुङ/ टुकमाया गुरुङ**
**साइलो छोरा/ बुहारीः बेल बहादुर गुरुङ/ हिम कुमारी गुरुङ**
**कान्छो छोरा/ बुहारीः यौ बहादुर गुरुङ/ निरमाया गुरुङ**
**छोरी/ज्वाइँः देउमाया गुरुङ/ सुमन गुरुङ**